# राजा महेन्द्रलाई हसाउने अभिनेता थापाको निधन

## सैनिक सलामीसहित विदाइ, छोरीले दिइन् दागबत्ती

विदुर गिरी

अभिनेता सेनानी भीमबहादुर थापाको बुधबार बिहान ९२ वर्षको उमेरमा निधन भएको छ। छाती र फोक्सोलगायतका समस्याबाट पीडित थापाको बुधबार बिहान २ बजे मैतीदेवीस्थित निवासमा निधन भएको हो।

नेपाल टेलिभिजनबाट प्रसारण हुने हाजिरीजवाफ (क्वीज) प्रतियोगिताको सञ्चालन गरी लोकप्रियता कमाएका छोरा प्रकाश थापा अमेरिकामा रहेका कारण उनको पार्थिव शरीरमा जेठी छोरीले दागबत्ती दिएकी छन्। उनको बुधबार नै पशुपति आर्यघाटमा अन्तिम संस्कार गरिएको थियो। थापाको परिवारमा श्रीमती, २ छोरी र १ छोरा छन्।

थापाको निधनको खबर पाएपछि कलाकर्मी र फिल्मकर्मी उनलाई अन्तिम श्रद्धाञ्जली दिन पुशपति आर्यघाट पुगेका थिए। अन्तिम संस्कारमा सयौं कलाकर्मी र शुभचिन्तक सहभागी भएका थिए। उनलाई नेपाली सेनाले सैनिक सलामी दिएर अन्तिम बिदाइ गरेको थियो।

दर्जनौं रेडियो नाटक, नाटक, टेलिफिल्म र फिल्ममा विभिन्न भूमिका निर्वाह गरी लोकप्रियता कमाएका थापा २ वर्षअघिसम्म पनि अभिनय क्षेत्रमै सक्रिय थिए। उनले पछिल्लोपटक *छक्का पञ्जा-२* मा अभिनय गरेका थिए। *छक्का पञ्जा*की निर्देशक तथा अभिनेत्री दीपाश्री निरौलाले उनलाई धर्मपिता बनाएकी थिइन्।

१९८३ साल असार १३ गते खोटाङ जिल्लाको रावा, लामिडाँडामा जन्मेका थापा १९९६ सालमा बृटिस सेनामा भर्ना भएका थिए। त्यहाँबाट उनले २००२ सालमा भएको दोस्रो विश्वयुद्ध लडेका थिए। ५/६ वर्षसम्म विश्वयुद्ध लडेर थकित भएका उनी हातमा घडी र काँधमा रेडियो बोकी लाहुरे भएर फर्केका थिए। तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले विश्वयुद्ध लडेर फर्केका र जागिर खाने चाहना भएकाको कदर गर्ने आह्वान गरेपछि २००२ सालमा नेपाली पल्टनमा भर्ना भएका थिए। पल्टनमा लेसनायक, नायक, हवल्दार, जमदार, सुविदार हुँदै मेजरसम्म भएका थापाले दोस्रो विश्वयुद्ध सकिएपछि वीरताको कदरस्वरूप प्रदान गरिएको डिफेन्स मेडल, जनरल सर्भिस, ब्रह्मास्टारजस्ता तक्मा पाएका थिए। उनले सेनाबाट २०३९ सालमा



अवकास पाएका थिए। थापा बृटिस र नेपाली सेनाको गरी १४ मान पदक, गोरखा दक्षिणबाहु, त्रिशक्तिपट्टजस्ता मान सम्मानबाट विभूषित थिए। उनले कलाक्षेत्रबाट पनि थुप्रै मान सम्मान पाएका थिए। गम्भीरदेखि हास्य भूमिकासम्म उत्तिकै सशक्त ठहरिएका थापा वृद्ध उमेरसम्म पनि अभिनयमै

**१९९६ सालमा बृटिस सेनामा भर्ना भई २००२ सालमा भएको दोस्रो विश्वयुद्ध लडेर फर्केका भीमबहादुर तत्कालीन प्रधानमन्त्री जुद्धशमशेरले विश्वयुद्ध लडेर फर्केका र जागिर खाने चाहना भएकाको कदर गर्ने आह्वान गरेपछि २००२ सालमा नेपाली पल्टनमा भर्ना भएका थिए। उनको कलाकारिता पनि त्यहींबाट शुरु भएको थियो।**

सक्रिय भएका थिए। भन्ने गर्थे 'मर्नु'अघिसम्म पनि अभिनय गर्न चाहन्छु। तर केही समयअघिबाट वृद्धावस्था तथा शारीरिक अवस्थाका कारण उनी निवासमै सीमित हुन बाध्य भएका थिए।

विश्वयुद्धमा सधैं लडाईं गर्नु नपर्ने भएकाले भीमबहादुर नाचगान गरेर रमाइलो गर्थे र हसाउँथे। नेपाल फर्केपछि राणाहरूको जन्मोत्सव, वैवाहिक कार्यक्रममा विभिन्न प्रस्तुति पस्कन्थे। उनी नाचगानदेखि प्रहसनसम्म गरेर रमाइलो गराइदिन्थे। २००७ सालमा राजा त्रिभुवन दिल्लीबाट फर्केपछि सेनाका तर्पबाट भएको कार्यक्रममा उनले प्रहसन देखाएर हसाईं त्रिभुवनबाट ५ सय रुपियाँ बक्सिस पाएका थिए। उनले सेनामा हुँदा हमेजंग पाण्डेसँग जोडी बाँधेर प्रहसन देखाएका थिए। यसरी हेर्दा प्रहसनको सुरुआत पनि भीमबहादुरबाटै भएको मानिन्छ। तत्कालीन दरबारमा गएर प्रहसन पस्कने क्रममा भीमबहादुरले राजा वीरेन्द्रलाई पनि आफ्नो प्रस्तुतिबाट मोहित तुल्याएका थिए।



'राजालाई हसाउन सजिलो के थियो भने दरबारीयाभन्दा बाहिरका कुरा उहाँहरूलाई थाहा हुँदैन थियो। पहाडतिरका कुरा त्यति थाहा हुँदैन थियो। धामी यसरी बस्छ, झाँक्री उसरी बस्छ, माझीले पितृ यसरी खेलाउँछ भनी देखाउँदा राजा हास्थे, खुसी हुन्थे। भीमबहादुर धेरैपछि पनि आफ्ना कुरा सुनाउँथे- 'महेन्द्र राजा शिकारमा निस्कँदा अनिवार्यरूपमा यो भीमबहादुर साथमा हुनुपर्थ्यो। शिकार गरी धुनी बालेपछि मैले त्यहाँ हसाउनुपर्थ्यो। म राजदरबारभित्रको हास्यकलाकार हुँ। दरबारभित्र गएर धेरैपटक हसाएको छु।'

भीमबहादुरले रेडियो नेपालको स्थापनापछि २००८ देखि २०४५ सालसम्म सैनिक कार्यक्रम चलाएका थिए। जसमार्फत् उनी हस्यौली प्रस्तुत गर्दथे। फिल्म बन्न थालेपछि भने उनी फिल्मी क्षेत्रमा समेत छाउन थाले। त्यस क्रममा ७० भन्दा बढी फिल्म, १ सय ४० जति टेलिफल्म र ५ दर्जनभन्दा बढी विज्ञापन फिल्ममा अभिनय गरे। ठूलो पर्दाको फिल्मको यात्रा भने उनले २०४१ सालमा निर्मित *के घर के डेराबाट* गरेका थिए।






धरहरा

## सुरक्षित स्थलको चर्चा



३३ किलो सुन प्रकरण काण्डमा फुत्किएका ठूला माछा पक्रिन प्रहरीले बुधबार काठमाडौंका विभिन्न ठाउँमा जाल हानेछ। ठूला माछाको एउटा झुन्ड निकै चल्तीमा रहेको बाजेको सेकुवा कर्नरमा छ भन्ने बुझेपछि जाल हान्या रे। काठमाडौंमा रहेका बाजेको सेकुवाका १० आउटलेटमध्ये ६ वटामा सिलबन्दी गरेको सुनियो।

अनामनगर, गौरीधारा, बत्तीसपुतलीलगायतका आउटलेटमा ठूला माछाको झुन्ड रहेको प्रहरीको ठहर छ। सिलबन्दी गरिएका आउटलेट आसपासका अन्य रेष्टुराँ सञ्चालकहरू निकै ठूलो खुसीयालीमा उत्रिएर ठूलै पार्टी गर्‍या पनि सुनियो। 'हाम्रो बिजनेस त चौपटै पार्‍या थियो नि, अब बल्ल हाम्रो दिन शुरू भयो, ६ वटा मात्रै किन १० वटै आउटलेट बन्द गर्नुपर्ने' भन्दै बाजेका छिमेकी सञ्चालक राम्रै सोमरस पार्टीमा उत्रिया देखियो/सुनियो।

बाजेका विरोधी एकथरी भन्दै थिए- 'बरु दाम खर्च गरौं, पार्टी दिनुपर्छ भने पनि पछि नपरौं, अरू ४ वटा आउटलेट पनि यही मौकामा बन्द गराऔं।' ४ वटा आउटलेट तत्काल बन्द नभएको बारे धरहराको केही फरक बुझाइ छ। पक्रिएको माछा ठूलो हो कि हैन, ठूलो हैन रैछ भने कसरी फेरि पोखरीमा छोड्ने, अनि अब आइन्दा माछा पक्रिदा कस्तो, कत्रो पक्रिनेलगायतका बारेमा विस्तृत छलफल गर्ने सुरिक्षत स्थान ठहर भएकाले बाँकी ४ आउटलेटमा छापा नमारिएको चर्चा छ।

# फिल्म शैलीको म्युजिक भिडियो

गायक आँसु लामाको नयाँ आधुनिक गीत *तिम्लाई* देखेरमाथि आकर्षित म्युजिक भिडियो बनाइएको छ।

गीतमा शब्द र संगीत पनि आँसुकै रहेको छ। निर्भाना कला केन्द्रको प्रस्तुतिमा बनेको गीतको म्युजिक भिडियोमा सगुन शाही ठकुरी, चन्द्र पुलामी र रमेश रम्तेलले अभिनय गरेका छन्। भिडियोमा गोपाल थापाले कोरीयोग्राफी गरेका छन् भने निर्देशन, छायांकन र सम्पादन विष्णुहरी तिमल्सिनाले गरेका छन्।





तिमीलाई देखेर फेरि यो मनमा उही दिन सम्झेर आयो

*छुटिसकेको टुटिसकेको उही माया बल्झेर आयो*

*सुन्छु आजकल धेरै धेरै कुराहरू तिम्रोबारेमा*

*धेरै खुसी सुखी छौ अरे तिमीले रोजेको त्यो संसारमा*

यो भावको गीतमा वियोगपछि भेट भएकी प्रेमीकासामु प्रेमीले आफ्नो भावना यसरी पोखेका छन्। राजधानीका विभिन्न स्थानमा छायांकन गरिएको कथानक म्युजिक भिडियो वीरेन लामाले निर्माण गरेका हुन्। भिडियो गीतको भावअनुसार कथानक शैलीमा बनेकाले फिल्म हेरेजस्तो महसुस हुने निर्भानाका अध्यक्ष रमेश श्रेष्ठले बताए।

# बालश्रमविरुद्ध कचहरीमा गौरी

जुन १२ लाई बालश्रमविरुद्धको विश्व दिवसका रूपमा मनाउने क्रममा शैली थिएटरले बालविकास समाज र सभ द चिल्ड्रेनको सहयोगमा विभिन्न १० स्थानमा बालश्रमविरुद्द कचहरी नाटक *गौरी* मञ्चन गरेको छ।

कचहरीमा बुबासँग बसेकी गौरीले एक रात नराम्रो सपना देख्छे। उसलाई अन्य बालश्रमिकजस्तै हात खुट्टा बाँधी काममा लगाएर दु:ख दिइएको हुन्छ। सपनाबाट ऊ तर्सिन्छे- 'कतै आफूलाई पनि यस्तै पो हुने हो कि?' नभन्दै एक दिन गौरीको नजिकको नातेदारले गौरीलाई सहर लगेर पढाइदिई सुख दिने सपना बाँडेर फकाउँछ। मन नलाई नलाई गौरी आशाका साथ सहर पुग्छे। भीडभाडयुक्त सहरमा ऊ बेचिन्छे र एक खाजा घरमा काम गर्न बाध्य हुन्छे। बासी खाना र फोहोर चिसो कोठाको भरमा उ साहुको निम्ति दिनरात काम गर्छे। भाडा र कपडा माझ्दा बिरामी हुन्छे। तर पनि उसलाई गाली र धम्की दिई काममा लगाइन्छ। गौरी भने स्कुल जान चाहन्छे। एक दिन घर फर्किन खोज्छे। मालिकले समाती पिट्न खोज्दा सुत्रधारले नाटक रोक्छन् र गौरीलाई कसरी मुक्त गर्न सकिन्छ भनी प्रश्न गर्छन्। दर्शकको सल्लाहअनुसार नै नाटक अघि बढ्छ। गौरीले पुलिस, छिमेकी, ग्राहक, समाजसेवी, बुबा, बालअधिकारको निम्ति कामगर्ने संघ सस्थासँग सहयोग माग्छिन्।

वसन्तपुरमा नाटक हेरेपछि प्रमुख अतिथि श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री गोकर्ण विष्टले नाटकले वास्तविकता देखाएको र सरकार बालश्रम रोक्न काम गरिरहेको बताए। वसन्तपुरमा जस्तै शैली थिएटरका कलाकारले गोंगबु, स्वयम्भु, वानेश्वर, लगनखेल, जावलाखेल, सातदोबाटो, सूर्यविनायक, कमलविनायक, च्याम्हसिंहमा रहेको स्कुल र सार्वजनिकस्थलमा कचहरी नाटक मञ्चन गरेका छन्। आर्यन न्यौपानेको निर्देशनमा तयार भएको नाटकमा रोबिन तामाङ, श्रस्था घिमिरे, स्नेहा पौडेल, सुवास सुवेदी, सुजन माली, देवेन्द्र बब्लु, सशांक बोहोरा, शालिग्राम गौतम, विज्ञान सापकोटा, सागर, सम्भव, विशाल र जीवनले अभिनय गरेका थिए।









कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ